नेपाल सरकार
स्थानीय निकाय वित्तीय आयोगको सचिवालय

पत्र संख्या ०७२।७३

च.नं. ३४२

श्रीमहल, पुल्चोक

मिति २०७२।११।३०

श्री जिल्ला विकास समितिको कार्यालय, सवै

विषय : गाविसको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्य सम्वन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारले विगत बर्षहरु देखि स्थानीय निकायलाई जाने निशर्त अनुदान न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतीजाको आधारमा प्रदान गर्दै आइरहेको छ । जिविस र नगरपालिकको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको कार्य यस आयोगवाट र गाउँ विकास समितिहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको कार्य जिल्ला विकास समितिको कार्यालयको संयोजनमा भइरहेको छ । गाविसको आ.व. २०७१।७२ को न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको कार्य समयमै सम्पन्न गरी नतीजा यस आयोगमा पठाउने व्यबस्थाको लागि यस आयोगवाट वजेट अख्तियारी पनि समयमा जिल्ला विकास समितिको कार्यालयमा पठाएको स्मरण गराउदछु । तर नतिजा पठाउनु पर्ने अन्तिम मिति २०७२ माघ मसान्त सम्म केही जिल्लाहरुवाट मात्र नतीजा प्राप्त हुन आएको देखिदा आगामी वर्षको गाविसहरुको अनुदान वितरण हुँदा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन नगराउने गाविसहरुको हकमा नतिजामा असफल भए सरह मानी अनुदान वितरण हुने भएकोले हाल सम्म नतीजा नपठाउने जिविसहरुले यथाशिघ्र कार्य सम्पन्न गरी नतीजा तुरुन्त यस आयोगमा उपलब्ध गराइ दिनु आदेशानुसार अनुरोध छ ।

**वोधार्थ**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
कर्मचारी प्रशासन शाखा, सिंहदरवार
श्री सूचना तथा बिधुतीय शासन शाखा: उल्लिखित पत्र वेवसाइटमा अपलोड गरी दिनु हुन अनुरोध छ ।

२०७२।११।३०

खिमबहादुर रायमाझी
उपसचिव

Website: www.lbfc.gov.np
E-mail: info@lbfc.gov.np , fiscalcommission@gmail.com
टेलिफोन नं : ९७७-१-५५२४७८८,५५२४९०९,५५२४४२४
फ्याक्स नं : ९७७-१-५५२००५५८